परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १४८ पृष्ठ ४ २०८२ चैत्र ६ गते, बुधबार 20 March, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# निर्वाचनमा सहयोग गर्नेलाई सम्मान



● टक नेपाल

महोत्तरी क्षेत्र १ को निर्वाचन अधिकृतको कार्यालय बर्दीबासले हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गराउन योगदान गरेको भन्दै १८ जनालाई सम्मान गरेको छ।

बर्दीबासस्थित निर्वाचन अधिकृतको कार्यालय परिसरमा आज बिहान आयोजित धन्यवाद तथा सम्मान' कार्यक्रममा लोकतन्त्रको महापर्व मानिने निर्वाचन कार्यमा गरेको यो गदानको उच्च मूल्याङ्कन गर्दै सम्मान गरिएको हो ।

धन्यवाद कार्यक्रममा निर्वाचन अधिकृत गगनदेव महतोले नर्वाचनलाई शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग गर्नुहुने नेपाली सेना, इलाका प्रहरी बर्दीबास र सशस्त्र प्रहरीका प्रतिनिधि, बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्री, बर्दीबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्का, बर्दीबास खानेपानीका अध्यक्ष भुलन सेन तथा देउराली माविका प्रधानाध्यापक कुमार घिमिरेलाई प्रशंसापत्रसहित खादा ओढाएर सम्मान गर्नुभयो ।

त्यस्तै महोत्तरीका चार निर्वाचन क्षेत्रमध्ये सबैभन्दा पहिले क्षेत्र नं १ ले विवाद रहित ढङ्गमा निर्वाचनसम्बन्धी सम्पूर्ण दायित्व सफलतापूर्वक पूरा गरेकोमा निर्वाचन कर्मचारीलाई सम्मान गरिएको छ ।

बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्रीले निर्वाचन अधिकृत गगनदेव महतो, सहायक निर्वाचन अधिकृत पृथ्विनारायण साह लगायत ११ जना कर्मचारीलाई खादा ओढाएर प्रशंसापत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा निर्वाचन अधिकृत महतोले यो निर्वाचन सफलता सबैको साझा उपलब्धि भएको बताउनुभयो । सवैको सहयोग र सद्भावले आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचन शान्तिपूर्णढङ्गमा सम्पन्न गर्न सकिएको धारणा व्यक्त गर्नुभयो ।

बर्दीबास १ स्थित उधोग वाणिज्य सङ्घको कार्यालयमा गत माघ २ गते स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयले प्रत्यक्ष र समानुपातिकतर्फको मतदान, मतगणना र अन्तिम मत परिमाण घोषणासँगै क्षेत्र नं १ को निर्वाचनसम्बन्धि औपचारिक अनौपचारिक सबै काम सम्पन्न भएको जनाइएको छ ।गोरखापत्र

## मुआब्जा विवादले
# रेल्वेको काम रोकियो



● टक नेपाल

मुआब्जा विवादले पूर्व-पश्चिम रेल्वेको काम रोकिएको छ । बर्दिबास नगरपालिका क्षेत्रमा १४जनाको मुआब्जा विवादले काम रोकिएको हो ।

भारत सरकारको सहयोगमा भारतको जयनगरदेखि महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिकास्थित रेल्वे स्टेशनसम्म रेल सञ्चालनमा आइसकेको छ तर मुआब्जा नदिँदा भङ्गहाबाट बर्दिबाससम्मको काम रोकिएको छ ।

चौध जनालाई रु सातदेखि आठ करोड मुआब्जा तिर्न बाँकी छ । विभागले रकम निकासका निम्ति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग अनुरोध गरेको जनाएको छ ।

बर्दिबासका पीडितहरुले मुआब्जाका लागि पटकपटक रेल विभागमा धाइराखे पनि मुआब्जा नपाउँदा उनीहरुले यसअघि धेरै पटक काम रोक्ने चेतावनी दिए पनि रेल्वेले सुनुवाई नगरेपछि अन्ततः पीडितहरुले बर्दिबासमा रेल्वे मार्गको निर्माण कार्य रोकेका छन् । रासस






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### समृद्धिका लागि प्रभावकारी सरकार आवश्यक

हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनपछि बन्ने नयाँ सरकारप्रति जनताको अपेक्षा अत्यन्त उच्च छ। अबको सरकार केवल सत्ता सञ्चालनमा सीमित नभई समृद्धि र सुशासनको स्पष्ट मार्गचित्रसहित अघि बढ्नुपर्छ। सामाजिक रूपान्तरणका लागि राष्ट्रियता सुदृढ गर्ने, फजुल खर्च नियन्त्रण गर्ने तथा मदिरा नियन्त्रणजस्ता नीतिगत सुधार आवश्यक छन्। साथै, युवालाई शिक्षा र सरकारी सेवासँग जोड्ने "अर्न एन्ड लर्न" कार्यक्रमले रोजगारी र सीप विकासमा टेवा पुऱ्याउन सक्छ।

पूर्वाधार विकासमा राष्ट्रिय गौरवका आयोजना तीव्र गतिमा सम्पन्न गर्न विशेष कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन अनिवार्य छ यातायात, सूचना प्रविधि र स्वास्थ्य-शिक्षा क्षेत्रमा सुधार गर्दै नागरिकलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउनु सरकारको प्राथमिकता हुनुपर्छ। कृषिमा आधुनिकीकरण, आत्मनिर्भरता र किसानमैत्री नीति अवलम्बन नगरी आर्थिक समृद्धि सम्भव छैन।

सार्वजनिक प्रशासनमा पारदर्शिता, मेरिट प्रणाली र नवीन अभ्यास लागू गर्दै सुशासन स्थापित गर्नुपर्छ। साथै, पर्यटन, उद्योग र प्राकृतिक स्रोतको सदुपयोगमार्फत रोजगारी सिर्जना गर्न सकिन्छ। समग्रमा, स्पष्ट नीति, दृढ इच्छाशक्ति र प्रभावकारी कार्यान्वयनमार्फत मात्र जनताको समृद्धिको चाहना पूरा हुन सक्छ।

# चैती छठ पर्व नजिकिँदै जाँदा चहलपहल

● टक नेपाल



महोत्तरी जिल्लाको गौशाला नगरपालिका-५ स्थित गौशाला बजारमा चैती छठ नजिकिँदै गर्दा चहलपहल बढेको छ। यस वर्षको चैती छठ आउँदो आइतबारदेखि सुरु भई बुधबारसम्म सम्पन्न हुने भएको छ। चार दिनसम्म मनाइने यो पर्वको तयारीमा व्रतालु र सर्वसाधारणले बजारमा किनमेलमा व्यस्त देखिएका छन्।

बजारमा छठ पर्वका लागि आवश्यक पूजासामग्री किन्न सर्वसाधारणको भिड लागेको व्यापारीहरूले जानकारी दिएका छन्। केरा, नरिवल, उखु, अदुवा लगायतका फलफूल तथा प्रसादका सामग्रीसँगै माटोका दियो, चौमुखे दीप, पाला, भुर्काभुर्की, जातो, माटोका हाती र ढकना जस्ता सामग्रीको बिक्रीमा उल्लेख्य वृद्धि भएको छ।


त्यस्तै, बाँसबाट बनेका डालो, नाङ्लो, डोको, कोनिया र ढाकी (सूप) जस्ता सामग्री खरिद गर्न आएका सर्वसाधारणको पनि ठूलो भिड देखिएको छ।

गौशाला नगरपालिका-१० का माणिकलाल महतोले भन्नुभयो,चैती छठको अवसरमा बजारमा आवश्यक सामग्री किन्न आएका छौं। पर्व नजिकिँदा बजारमा चहलपहल धेरै छ र व्यापारीहरूले सामग्रीको पर्याप्त व्यवस्था गरेका छन्। यो पर्वले धार्मिक आस्था प्रकट गर्नुका साथै स्थानीय बजार र व्यापारीहरूको आर्थिक गतिविधि बढाउने अवसर पनि हो।

छठ पर्व सूर्य उपासना तथा शुद्धता र आस्थाको पर्वका रूपमा मनाइन्छ। व्रतालुहरूले नदी, पोखरी वा अन्य जलाशयको किनारमा गएर अस्ताउँदै र उदाउँदै सूर्यलाई अर्घ्य दिने परम्परा पालना गर्छन्। यस अवसरमा पारिवारिक सुख-समृद्धि, सन्तानको दीर्घायु र आरोग्यताको कामना गर्दै विधिपूर्वक पूजा गरिन्छ।

गौशाला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामराजा प्रसाद साहले छठ पर्वका कारण बजारमा व्यापार उल्लेख्य रूपमा बढेको बताउनुभयो। उहाँका अनुसार चैती छठले स्थानीय बजारमा आर्थिक गतिविधि सक्रिय बनाएको छ र व्यापारीहरूमा उत्साह थपिएको छ। आवश्यक सामग्रीको आपूर्ति पनि सहज बनाइएको छ।

यसैबीच, स्थानीय तह तथा समुदायले छठ घाटको सरसफाइ र सजावटमा विशेष ध्यान दिएका छन्। बजारमा देखिएको चहलपहलले पर्वको धार्मिक महत्त्वसँगै स्थानीय आर्थिक गतिविधि बढाएको संकेत गरेको छ। वर्षमा दुईपटक छठ पर्व मनाउने परम्परा छ। कात्तिक महिनामा मनाइने मुख्य छठलाई 'कार्तिकी छठ' र चैत महिनामा मनाइने छठलाई 'चैती छठ' भनिन्छ। दुवै अवसरमा व्रतालुहरूले अस्ताउँदै र उदाउँदै सूर्यलाई अर्घ्य दिने धार्मिक परम्परा समान रूपमा पालना गर्छन्।









# आवश्यकताबिनै महँगा उपकरण

टक नेपाल

मधेस प्रदेश सरकारले दुई वर्षदेखि अस्पतालका लागि औषधि खरिद गरेको छैन तर, बिना आवश्यकता करोडौं रुपैयाँका स्वास्थ्य उपकरण थपेको छ। परिणामः अस्पतालहरूमा सेवा कमजोर छ, महँगा उपकरण प्रयोगविहीन छन्।




मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चालु आर्थिक वर्षको कुल बजेट रु.६ अर्ब ४५ करोड ६१ लाखमध्ये फागुन २४ गतेसम्म १६ प्रतिशत मात्र खर्च गरेको छ।

मन्त्रालयले चालु खर्च २४ प्रतिशत गरे पनि पूँजीगत खर्च नगन्य (१.२३ प्रतिशत) रहेको तथ्यले मन्त्रालयको कार्यसम्पादन कति कमजोर छ भन्ने देखाउँछ । गत आर्थिक वर्षमा पनि अवस्था फरक थिएन । कुल बजेटको करीब ४५ प्रतिशत खर्च नभएर 'फ्रिज' भएको थियो । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा बजेट खर्च हुन नसक्नु र योजना कार्यान्वयन कमजोर हुनुले प्रदेश सरकारको प्राथमिकतामाथि नै प्रश्न उठाएको छ ।

'बिरामी' अवस्थामा सरकारी अस्पताल

महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालको अवस्था आफैं बिरामी जस्तै देखिन्छ । अस्पताल परिसरमा प्रवेश गर्दा बित्तिकै दुर्गन्ध नाकमै ठोक्किन्छ । वरिपरि फोहोर थुप्रिएको छ । वार्डहरू अस्तव्यस्त छन् । बिरामी र कुरुवालाई बस्ने सफा ठाउँ समेत छैन । १५ बेडको जलेश्वर अस्पताललाई मधेश प्रदेश सरकारले १०० बेडमा स्तरोन्नति गरेको भए पनि जनशक्ति अभाव र कमजोर व्यवस्थापनका कारण बिरामीहरूले अपेक्षित सेवा पाउन सकेका छैनन् ।

घुँडादुखाइको उपचारका लागि अस्पताल पुगेकी रामरती चौधरी भन्छिन्, 'फोहोर त छ तर के गर्ने, सरकारी अस्पतालमा आएपछि बर्दास्त गर्नै पर्छ । बिहानैदेखि पुर्जा काटेर बसेकी छु तर न डाक्टर आउँछन् न कसैले मतलब गर्छ ।' अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रवि श्रीवास्तव भन्छन्, 'अस्पताललाई व्यवस्थित बनाउने प्रयास गरिरहेका छौं तर जनशक्ति व्यवस्थापन प्रदेशकै जिम्मेवारी हो ।' अस्पतालमा रहेको एउटा एम्बुलेन्स समेत जर्जर अवस्थामा छ ।

बिरामीको अत्यधिक चाप रहने जनकपुरको प्रादेशिक अस्पतालमा पनि सेवा लिनु सहज छैन । पुर्जा काट्नकै लागि सयौं मानिसको लाम लाग्छ । जाँचका लागि पुगेपछि कहिले चिकित्सक नहुने त कहिले औषधि नै नहुने समस्या सामान्य जस्तै बनेको छ । जनकपुर अस्पतालमा ११औं तहका पाँच विशेषज्ञ चिकित्सकको दरबन्दी भए पनि हाल एक जना मात्रै उपलब्ध छन् । मधेश प्रदेश सरकारले यो प्रादेशिक अस्पताललाई 'मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान' मातहत राखेको छ । 'सरकारले प्रतिष्ठानलाई मात्रै राम्ररी सञ्चालन गर्नका लागि त बजेट र सुविधा दिनसकेको छैन । यस्तो अवस्थामा सबैतिर भद्रगोल छ', प्रतिष्ठानका रेक्टर डा. रामनरेश पण्डित भन्छन् ।

करोडौंका उपकरण प्रयोगविहीन

प्रदेश राजधानी जनकपुरबाट करीब ११ किलोमिटरको दूरीमा छ- महोत्तरीको पिपरा जनता अस्पताल । चिटिक्क देखिने भवनमा रहेको यो अस्पतालको माथिल्लो तलाका पाँचवटा कोठामा ताल्चा लगाइएको छ । ती कोठामा प्रदेश सरकारले पठाएका करोडौं रुपैयाँका स्वास्थ्य उपकरण थन्किएका छन् ।

२०७९ सालमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले अस्पतालमा डिजिटल एक्स-रे, आईसीयू भेन्टिलेटर, बिरामी मोनिटर, एनेस्थेसिया मेसिन, अल्ट्रासाउण्ड, ओटी टेबल तथा अन्य उपकरण गरी करीब ३ करोड ५८ लाख रुपैयाँ बराबरका सामग्री पठाएको थियो । जबकि, गाउँपालिकाद्वारा सञ्चालित आधारभूत सेवा प्रदान गर्ने यो सानो अस्पतालमा ती उपकरण र सुविधा सञ्चालन गर्ने जनशक्ति नै छैन ।

'यी सामानहरू कहिले र कसरी आए, मलाई थाहा छैन । म भर्खर प्रमुखको भूमिकामा आएको हुँ' अस्पतालका प्रमुख सन्तोष यादव भन्छन्, 'अहिले त हामीसँग शल्यक्रिया कक्ष सञ्चालनको स्वीकृति पनि छैन । स्वीकृति माग गरेर मन्त्रालयमा पत्राचार गरेका छौं ।' यद्यपि, ग्रामीण जनतालाई औषधि उपलब्ध गराउन सक्दा बढी उपयोगी हुने उनी सुनाउँछन् । भन्छन्, 'प्रदेश सरकारले औषधि दिएको छैन । पालिकाबाटै पाएको थोरबहुत औषधिबाट काम चलाएका छौं ।' यस्तै अवस्था जलेश्वर अस्पतालमा पनि देखिन्छ । अस्पतालको दोस्रो तलामा बन्द कोठाभित्र अलपत्र भेन्टिलेटर सहितको बेड, डायलासिस मेसिन लगायत उपकरण प्रयोगविहीन अवस्थामा राखिएका छन् ।

चार वर्षअघि नै प्रदेश सरकारले उपलब्ध गराएको डायलासिस मेसिन उपयोग नगरेरै बिग्रिएको मेडिकल सुपरिन्टेन्डेन्ट श्रीवास्तव बताउँछन् । अन्य उपकरण पनि धुलाम्य छन् । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले सर्लाहीको धनकौलस्थित आमा तथा बाल अस्पतालका लागि रु.४ करोड ४२ लाखभन्दा बढीका उपकरण उपलब्ध गराएको थियो । तर अस्पताल नै सञ्चालनमा नआएकाले थन्क्याइएका ती उपकरण अहिले कबाड बन्दैछन् ।अस्पतालको आवश्यकता नै नबुझी उपकरण किन्ने लोभको बलियो उदाहरण हो प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले लहान अस्पतालका लागि गरेको खरीद ।

केन्द्रले आव २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लहान अस्पतालका लागि रु.५ करोड ३७ लाख बराबरको उपकरण खरीद गर्‍यो । खरीद पश्चात् केन्द्रले २०८१ जेठ २३ गते उक्त अस्पताललाई आवश्यक उपकरण संख्या र उपकरण सञ्चालन गर्ने जनशक्ति भए वा नभएको खुलाई पठाइदिन पत्र लेख्यो । लहान अस्पतालले उक्त पत्रको जवाफमा 'उपकरण सञ्चालन गर्ने जनशक्ति नरहेकोले जनशक्ति व्यवस्थापन भएपश्चात् उपकरण उपलब्ध गराइदिन' भनेर जवाफ पठायो । लहानमा ती सामग्रीहरू काम नलाग्ने भएपछि जनकपुर अस्पताललाई हस्तान्तरण गरियो ।

आव २०७९/८० को बजेटबाट केन्द्रले प्रादेशिक अस्पताल सर्लाही र रौतहटका लागि रु.४ करोड १२ लाखका फोहोर व्यवस्थापन उपकरण र रु.१ करोड ८६ लाखका वोन डेन्सिमिटर खरीद गरी हस्तान्तरण गरेकोमा ती उपकरण पनि सञ्चालनमै आएका छैनन् । 'ती उपकरणहरू कसरी खरीद भए त्यसको सटिक जवाफ त दिन सक्दैनौं तर, आवश्यकता विना यसरी सामान खरीद गर्नु उचित हैन', मधेश प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादव भन्छन् ।

दुई वर्षदेखि औषधि खरीद बन्द

मधेश प्रदेश सरकारले पछिल्लो दुई वर्षदेखि प्रदेश मातहतका अस्पतालका लागि औषधि खरीद गरेको छैन । औषधि खरीदका लागि गत आर्थिक वर्षमा तीन पटक टेन्डर आह्वान गरिए पनि निदे'शक फेरबदल र विभिन्न विवादका कारण प्रक्रिया रद्द भएपछि खरीद हुन सकेन । औषधि खरीदका लागि छुट्याइएको करीब १६ करोड रुपैयाँ बजेट फ्रिज भएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. राजीव झाले बताए । 'तर, यस वर्ष हामी औषधि खरीदका लागि प्रक्रियामा गइसकेका छौं', डा. झा भन्छन् ।

राजनीतिक हस्तक्षेपका कारण प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा गत वर्ष चार जना निर्देशक फेरिए । २०८० मंसिर २० गते केन्द्रमा हाजिर भएका निदे'शक डा. मनीष पाण्डे २०८१ असोज २० गते सरुवा गरिए । उनको स्थानमा आएका निर्देशक डा. राजीवकुमार झा हाजिर भएको चार महिना नबित्दै चैत २ गते सरुवा भए । झाले औषधि खरिदका लागि टेन्डर आह्वान त गराए तर, मन्त्रालयले  खरीद ऐन र स्वास्थ्य निर्देशिका विपरीत कुनै अमूक व्यक्तिलाई फाइदा पुर्‍याउने उद्देश्यले टेन्डर निकालिएको ठहर गर्दै बदर गरिदियो । सोही विवादका कारण झा सरुवा भएपछि डा. सुनिलप्रसाद कुशवाहलाई निर्देशकको जिम्मेवारी तोकियो । तर, केही महीना नबित्दै कुशवाहको ठाउँमा फेरि डा. झा नै आएका छन् ।

ओएनएम नहुँदा पनि समस्या

मधेशमा जनकपुर बाहेक जलेश्वर, सिरहा, लहान, मलंगवा, गौर र कलैया गरी ६ वटा प्रादेशिक अस्पताल छन् । यी अस्पतालहरूलाई १०० र १५० बेडमा स्तरोन्नति गरिए पनि स्थायी दरबन्दी भने पुरानै १५ बेडकै छ । थप केही कर्मचारीहरू करार, ज्यालादारी र डोर हाजिरीमा राखेर काम चलाइएको छ । दुई वर्षअघि तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहको बेलामा अस्पतालको यस्तो 'स्तरोन्नति' गरिएको हो ।

पछिल्लो तीन वर्षयता प्रदेश सरकारले स्वास्थ्य सेवामा पदपूर्तिका लागि माग समेत गरेको छैन । संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) अद्यावधिक नभएका कारण दरबन्दी निर्धारण र स्थायी पदपूर्ति प्रक्रिया अघि बढ्न सकेको छैन । स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार यस वर्ष ओएनएम गर्ने तयारी गरिएको छ । 'विभिन्न कारणले ओएनएम हुन सकेन । तर अब प्रदेश मातहतका अस्पताललाई व्यवस्थित बनाउन यसलाई प्राथमिकतामा राखेका छौं', उनले भने ।

मधेश प्रदेश सरकार मातहत रहेका प्रादेशिक अस्पताल, अन्य अस्पताल र जनस्वास्थ्य प्रयोगशालाहरूमा जनशक्तिको चरम अभाव हुँदा प्रभावकारी सेवा दिन सकेका छैनन् । औषधि अभाव, जनशक्ति संकट, पूर्वाधार विनै उपकरण खरीद, कमजोर बजेट खर्च र प्रशासनिक अस्थिरताले मधेश प्रदेशको स्वास्थ्य सेवा गम्भीर संकटमा परेको छ । अस्पतालहरूको स्तरोन्नति कागजमै सीमित हुँदा बिरामीले उपचार सेवा पाउन सकेका छैनन् । स्वास्थ्य सेवा सुधारका लागि पारदर्शी खरीद प्रक्रिया, स्थायी जनशक्ति व्यवस्थापन र प्रभावकारी योजना कार्यान्वयन तत्काल आवश्यक देखिन्छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

२४ सं घण्टा इमजेन्सी सेवा
ICU,NICU,PICU सेवा
EndosocopyDiode Laser सेवा
विभिन्न ग्रिहरुको विशेषज्ञ डाक्टरहुद्या उत्कष्ट स्वास्थ्य सेवा
Laproscopy सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको समेत व्यवस्था भएको
247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# ब्राउन सुगरसहित चार जना पक्राउ



● टक नेपाल

महोत्तरीको बर्दिबासमा प्रहरीले ठूलो परिमाणको नियन्त्रित लागूऔषध ब्राउन सुगरसहित चार जनालाई नियन्त्रणमा लिएको छ। बर्दिबास नगरपालिका-३ गौरीडाँडास्थित बीपी राजमार्ग मा विशेष सूचनाको आधारमा गरिएको चेकजाँचका क्रममा उक्त लागूऔषध बरामद गरिएको हो।प्रहरीका अनुसार बर्दिबासबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश-०२-०१-००१ च ०४४१ नम्बरको स्कार्पियो गाडीलाई रोकी तलासी गर्दा ब्राउन सुगर फेला परेको हो।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासका प्रहरी नायव निरीक्षक सरोजकुमार अधिकारी र इलाका प्रहरी कार्यालय बर्दिबास का डिएसपी विकास बमको संयुक्त कमाण्डमा खटिएको टोलीले गएराति करिब १०:१५ बजे अस्थायी ट्राफिक प्रहरी पोष्ट अगाडि चेकजाँच गरेको थियो।

तलासीका क्रममा स्कार्पियोमा सवार नुवाकोट सूर्यगढी गाउँपालिका-४ का ३१ वर्षीय अविरल परियारको दाहिने हातको मुठ्ठीमा कालो प्लास्टिकभित्र सेतो प्लास्टिकमा लुकाइ राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ।

बरामद लागूऔषधलाई मान्यताप्राप्त तराजुमा तौल गर्दा प्लास्टिकसहित ७५ ग्राम र शुद्ध तौल ७१.०४ ग्राम रहेको जनाइएको छ। उक्त ब्राउन सुगरको काठमाडौं बजार मूल्य करिब १३ देखि १५ लाख रुपैयाँसम्म पर्ने अनुमान गरिएको छ।

प्रहरीले गाडी चालक सिरहा मिर्चैया नगरपालिका-८ का २१ वर्षीय मुरलीकुमार रायसहित सोही स्थानका २४ वर्षीय रमण घिमिरे र १९ वर्षीय सुनिल पटेललाई समेत नियन्त्रणमा लिएको छ।

पक्राउ परेकामाथि थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबास मा राखिएको प्रहरीले जनाएको छ।

### अवैध उत्खननमा संलग्न

# आठ ट्र्याक्टरसहित चालक नियन्त्रणमा



● टक नेपाल

रौतहटको चन्द्रपुर नगरपालिका क्षेत्रमा अवैध रूपमा बालुवा उत्खननमा संलग्न आठ वटा ट्र्याक्टरसहित चालकलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

बिहीबार बिहान चन्द्रपुर नगरपालिका-५, राजपैडा र ८ मोतीपुरस्थित चाँदी खोलामा ट्र्याक्सीमार्फत अवैध रूपमा बालुवा उत्खनन गरी लोड भइरहेको सूचनाको आधारमा सुरक्षा बेस सन्तपुरका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक विश्वनाथ जिसीको कमान्डमा खटिएको टोलीले ट्र्याक्टर र चालकलाई नियन्त्रणमा लिएको हो।

चाँदी खोलामा बालुवा लोड गरिरहेको तथा खाली रहेका ना. ५ त. ९५५१ , ना. ७ त. ३९१७ , ना. ४ त. ७६३८ , प्रदेश २-०३-००१ त. ४६७ , ना. ६ त. ३७८५ , ना. ५ त. ५४२ , ना. ५ त. ४७१२ र ना. ६ त. ८८४४ नं.को ट्र्याक्टर र तिनका चालक क्रमशः रामायण पटेल, विवेक पासवान, मायालाल माझी, दीपेन्द्र माझी, राहुल यादव, करण चौधरी, देवनाथ चौधरी र भुन्टा माझीलाई नियन्त्रणमा लिइएको सुरक्षा बेस सन्तपुरले जनाएको छ।

नियन्त्रणमा लिइएका ट्र्याक्टर र ट्र्याक्टर चालकलाई आवश्यक कारबाहीका लागि चन्द्रपुर नगरपालिकामा पठाइएको सशस्त्र प्रहरी नायब उपरीक्षक जिसीले जानकारी दिनुभयो।

नियन्त्रणमा लिइएका ट्र्याक्टर र चालकलाई चन्द्रपुर नगरपालिका कार्यालयले जरिवाना लिएर छोडेको छ। नगरपालिकाका राजश्व शाखाका अधिकृत गङ्गाकुमारी खड्काले प्रति ट्र्याक्टर एक हजारका दरले जरिवाना तिराएर छोडिएको जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८२/०८३ का लागि चन्द्रपुर नगरपालिकाले चाँदी खोला र बाग्मतीमा नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का गरे पनि सम्झौता भई सकेको छैन।

ठेकेदारले साकार रकम दाखिला गरि सकेको र छिट्टै सम्झौता गरिने अधिकृत खड्काले बताउनुभयो।

चाँदी खोलाका लागि एम आर कन्स्ट्रक्सन बरहथवा, सर्लाहीले एक करोड ४९ लाख अठ्चालिस हजारमा ठेक्का साकार गरेको छ भने बागमतीका लागि स्काई लाइन कन्स्ट्रक्सन ललितपुर- १४ ले एक करोड ६० लाखमा ठेक्का साकार गरेको छ।


## माइग्रेसन सर्टिफिकेट हरायो।

**कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।**

- बलियो पासवड राखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपरिचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपरिचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।
  ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।
  आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहद्वानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित राखां ।

**बटेश्वर गाउँपालिका,**
धनुषा, मधेश प्रदेश

## जनहितमा जारी

- बिना अनुमति बोङि नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोङि गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोङिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



**बर्दिवास नगरपालिका,महोत्तरी**

## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

**धनुषाधाम नगरपालिका , धनषा , मधेश प्रदेश**


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014